# संघीय संसद
## राष्ट्रिय सभा
## विधायन व्यवस्थापन समिति

### राष्ट्रिय सभामा उत्पत्ति भएको
### शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० सम्बन्धी प्रतिवेदन

१. शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० (यसपछि "विधेयक" भनिएको) को प्रस्तावनामा रहेका "सर्वसाधारण जनतालाई सहज, सुलभ र विशेषज्ञ सहितको गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन तथा स्वास्थ्य विज्ञानको क्षेत्रमा" भन्ने शब्दहरूको सट्टा "सहज, सुलभ र विशेषज्ञ सहितको गुणस्तरीय स्वास्थ्य विज्ञान सम्बन्धी शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध गराउन तथा" भन्ने शब्दहरू राख्ने।

२. विधेयकको दफा २ को,

(१) खण्ड (ध) मा रहेको "भएको" भन्ने शब्दपछि "विश्वविद्यालयको" भन्ने शब्द थप्ने।

(२) खण्ड (ट) मा रहेको "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरू राख्ने।

३. विधेयकको दफा ३ को उपदफा (३) मा रहेका "नगरपालिका वडा नं. ५ गेटामा" भन्ने शब्दहरू र अङ्कको सट्टा "नगरपालिकास्थित गेटामा" भन्ने शब्दहरू राख्ने।

४. विधेयकको दफा ४ को,-

(१) दफा शीर्षकमा रहेका "स्वशासित र सङ्गठित" भन्ने शब्दहरूको सट्टा "स्वायत्त, स्वशासित र सङ्गठित" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (१) मा रहेको "स्वशासित सङ्गठित" भन्ने शब्दहरूको सट्टा "स्वायत्त, स्वशासित र सङ्गठित" भन्ने शब्दहरू राख्ने।

५. विधेयकको दफा ७ को,-

(१) उपदफा (२) को खण्ड (ट) मा रहेको "तीन जना" भन्ने शब्दहरूको सट्टा "चार जना" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (२) को खण्ड (ठ) मा रहेका "एक जना" भन्ने शब्दहरूको सट्टा "कम्तिमा दुई जना महिला सहित चार जना" भन्ने शब्दहरू राख्ने।

(३) उपदफा (२) को खण्ड (ड) मा रहेका "एक जना" भन्ने शब्दहरूको सट्टा "कम्तिमा एक जना महिला सहित दुई जना" भन्ने शब्दहरू राख्ने।

(४) उपदफा (५) को खण्ड (घ) पछिको अल्पविराम चिन्ह "," को सट्टा पूर्णविराम चिन्ह "।" राख्ने।

(५) उपदफा (५) को खण्ड (ङ) झिक्ने।

६. विधेयकको दफा ८ को,

(१) उपदफा (३) मा रहेको "तीन दिन" भन्ने शब्दहरूको सट्टा "सात दिन" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (६) मा रहेका "जति जना" भन्ने शब्दहरूको सट्टा "एक तिहाई" भन्ने शब्दहरू राख्ने।

७. विधेयकको दफा ९ को,

(१) खण्ड (घ) मा रहेका "समकक्षता र स्तर निर्धारण र" भन्ने शब्दहरूको सट्टा "समकक्षता निर्धारण, स्तर निर्धारण र " भन्ने शब्दहरू राख्ने।

(२) खण्ड (ज) मा रहेका "आवश्यकता अनुसार" भन्ने शब्दहरू झिक्ने।

८. विधेयकको दफा १० को उपदफा (२) को खण्ड (घ) मा रहेका "मनोनीत" भन्ने शब्दपछि "एक जना महिला सहित" भन्ने शब्दहरू थप्ने।

९. विधेयकको दफा १२ को,-

(१) उपदफा (२) को खण्ड (घ) मा रहेको "एक जना" भन्ने शब्दको सट्टा "कम्तिमा एक जना महिला सहित दुई जना" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (२) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपी त्यसपछिको खण्डक्रम मिलाउने:-

"(ङ) कार्यकारी परिषद्ले मनोनयन गरेको सम्बन्धित विषयको विज्ञ एक जना - सदस्य"

(३) उपदफा (३) मा रहेको "कार्यविधि" भन्ने शब्दपछि "सो" भन्ने शब्द थप्ने।

१०. विधेयकको दफा १३ को,-

(१) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखी कायम हुने खण्ड (घ) पछि देहाय बमोजिमको खण्ड (ङ) र (च) थपी त्यसपछिको खण्डक्रम मिलाउने:-

"(घ) विश्वविद्यालयको नीति, योजना, रणनीति, मापदण्ड, सङ्गठन संरचना, वार्षिक बजेट तथा कार्यक्रम, प्रगति विवरण, उपाधि निर्धारणको लागि सभामा पेश गर्ने,

(ङ) सभाबाट स्वीकृत उपाधि प्रदान गर्ने,

(च) वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन तथा तत्सम्बन्धी अन्य प्रस्ताव तयार गरी स्वीकृतिको लागि सभामा पेस गर्ने,"

(२) विधेयकको खण्ड (ढ) प्रतिवेदन बमोजिम मिलाउदा कायम हुने खण्ड (त) पछि देहायको खण्ड (थ) थपी त्यसपछिको खण्डक्रम मिलाउने:-

"(थ) विश्वविद्यालयको काम कारबाही सम्बन्धमा प्राप्त जनगुनासो छानविन गरी आवश्यक कारबाही गर्ने,"

राष्ट्रिय सभा विधायन व्यवस्थापन समिति

११. विधेयकको दफा १४ को उपदफा (६) मा रहेको "कार्यविधि" भन्ने शब्दपछि "सो" भन्ने शब्द थप्ने।

१२. विधेयकको दफा १५ को खण्ड (छ) मा रहेको "ग्रीडको" भन्ने शब्दको सट्टा "विशिष्टीकरण तालिका (ग्रीड) को" भन्ने शब्दहरू राख्ने।

१३. विधेयकको दफा १६ को उपदफा (१) पछि देहायको उपदफा (२) थपी त्यसपछिको उपदफाक्रम मिलाउनेः-

"(२) उपदफा (१) बमोजिमको विषय समितिमध्ये कम्तीमा एक विषय समितिमा महिला अध्यक्ष हुने गरी व्यवस्था गर्नु पर्नेछ।"

१४. विधेयकको दफा १७ को उपदफा (२) मा रहेका "समुदायमा रहेका" भन्ने शब्दहरू झिक्ने।

१५. विधेयकको दफा २० को,-

(१) उपदफा (१) मा रहेका "सर्वसाधारणलाई" भन्ने शब्द झिक्ने।

(२) उपदफा (२) मा रहेका "नेपाल सरकार वा प्रदेश सरकारको अनुमति लिई नेपाल सरकार वा प्रदेश सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको समन्वयमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह" भन्ने शब्दहरू राख्ने।

(३) उपदफा (३) मा रहेका "समुदायमा रहेका" भन्ने शब्दहरूको सट्टा "शिक्षण अस्पतालले" भन्ने शब्दहरू राख्ने।

१६. विधेयकको दफा २३ को,-

(१) उपदफा (२) झिकी त्यसपछिको उपदफाक्रम मिलाउने।

(२) विधेयकको उपदफा (५) प्रतिवेदन बमोजिम मिलाउँदा कायम हुने उपदफा (४) मा रहेको "निजको काम" भन्ने शब्दहरूको सट्टा "वा दफा ३५ बमोजिम निलम्बन भएको अवस्थामा निजको काम सहकुलपतिको परामर्शमा" भन्ने शब्दहरू राख्ने।

१७. विधेयकको दफा २४ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राख्नेः-

"(छ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नभएको।"

१८. विधेयकको दफा २५ को,-

(१) उपदफा (२) पछि देहायको उपदफा (३) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनेः-

"(३) यो ऐन प्रारम्भ भएको मितिले नब्बे दिनभित्र उपदफा (१) बमोजिमको सिफारिस समितिको गठन गरिसक्नु पर्नेछ।"

(२) विधेयकको उपदफा (३) प्रतिवेदन बमोजिम उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्ने,

"(४) उपदफा (१) बमोजिमको सिफारिस समितिले उपकुलपतिको पदको लागि योग्यता पुगेको नेपाली नागरिकबाट सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नु पर्नेछ।"

राष्ट्रिय सभा विधायन व्यवस्थापन समिति २०७५

(३) विधेयकको उपदफा (४) प्रतिवेदन बमोजिम उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (५) मा रहेको "(३)" भन्ने अङ्कको सट्टा "(४)" भन्ने अङ्क राखे।

(४) विधेयकको उपदफा (५) प्रतिवेदन बमोजिम उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (६) मा रहेको "(४)" भन्ने अङ्कको सट्टा "(५)" भन्ने अङ्क राखे।

(५) विधेयकको उपदफा (६) प्रतिवेदन बमोजिम उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (७) मा रहेको "(४)" भन्ने अङ्कको सट्टा "(५)" भन्ने अङ्क राखे।

१९. विधेयकको दफा २६ को,-

(१) उपदफा (१) मा रहेको उपदफाक्रम "(१)" र सोमा रहेको "अन्य" भन्ने शब्द झिक्ने।

(२) उपदफा (१) को खण्ड (क), (च), (ज) र (झ) मा रहेका "गर्ने वा गराउने" भन्ने शब्दहरूको सट्टा "गर्ने, गराउने" भन्ने शब्दहरू राखे।

(३) उपदफा (१) को खण्ड (ट) झिकी त्यसपछिको खण्डक्रम मिलाउने।

(४) उपदफा (१) को साविक खण्ड (ठ) प्रतिवेदन अनुसार कायम हुने खण्ड (ट) मा रहेको "अन्य" भन्ने शब्द झिक्ने।

(५) उपदफा (२) झिक्ने।

२०. विधेयकको दफा २८ को,-

(१) खण्ड (ग) मा रहेको "व्यवस्थापकीय" भन्ने शब्दको सट्टा "व्यवस्थापन सम्बन्धी" भन्ने शब्दहरू राखे।

(२) खण्ड (ङ) पछिको अल्पविराम चिन्ह "," को सट्टा पूर्णविराम चिन्ह "।" राखे ।

(३) खण्ड (च) झिक्ने।

२१. विधेयकको दफा २९ को,-

(१) उपदफा (१) को खण्ड (ख), (ग), (घ) र (च) मा रहेका "गर्ने वा गराउने" भन्ने शब्दहरूको सट्टा "गर्ने, गराउने" भन्ने शब्दहरू राखे।

(२) उपदफा (१) को खण्ड (च) मा रहेको "आर्थिक" भन्ने शब्द झिक्ने।

(३) उपदफा (२) मा रहेका "सामान्य नियन्त्रण" भन्ने शब्दहरूको सट्टा "मार्गदर्शन" भन्ने शब्द राखे।

२२. विधेयकको दफा ३१ को खण्ड (ख) र (ग) मा रहेका "गर्ने वा गराउने" भन्ने शब्दहरूको सट्टा "गर्ने, गराउने" भन्ने शब्दहरू राखे।

२३. विधेयकको दफा ३३ को उपदफा (४) मा रहेको "निर्देशकको" भन्ने शब्द भन्दा अगाडि "अस्पताल" भन्ने शब्द थपी सो उपदफामा रहेको "हुनेछन्" भन्ने शब्दको सट्टा "हुनेछ" भन्ने शब्द राखे।

२४. विधेयकको दफा ३४ मा रहेको "वा" भन्ने शब्दको सट्टा "र" भन्ने शब्द राखे।

२५. विधेयकको दफा ३५ को,-

(१) उपदफा (३) मा रहेको "समक्ष" भन्ने शब्दपछि "प्रतिवेदन" भन्ने शब्द थप्ने।



राष्ट्रिय सभा विधायन व्यवस्थापन समिति २०७१

(२) उपदफा (५) मा रहेको "निजसंग सोधपुछ वा स्पष्टीकरण माग" भन्ने शब्दहरूको सट्टा "निजसँग लिखित रूपमा सोधपुछ" भन्ने शब्दहरू राख्ने।

(३) उपदफा (९) झिक्ने।

२६. विधेयकको दफा ३६ को उपदफा (२) मा रहेको "अध्यक्ष र" भन्ने शब्दहरूको सट्टा "अध्यक्षतामा" भन्ने शब्द राख्ने।

२७. विधेयकको दफा ३८ को,-

(१) उपदफा (६) झिकी उपदफाक्रम मिलाउने।

(२) साविक उपदफा (८) प्रतिवेदन बमोजिम मिलाउँदा कायम हुने उपदफा (७) मा रहेको "(७)" भन्ने अङ्कको सट्टा "(६)" भन्ने अङ्क राख्ने।

२८. विधेयकको दफा ५२ मा रहेको "त्यस्तो विषयमा निर्णय गर्न हुँदैन" भन्ने शब्दहरूको सट्टा "स्वघोषणा गरी त्यस्तो विषयको निर्णय प्रक्रियाबाट अलग रहनु पर्नेछ" भन्ने शब्दहरू राख्ने।

२९. विधेयकको दफा ६० मा रहेका "त्यसपछि प्रत्येक पाँच वर्षपछिको" भन्ने शब्दहरूको सट्टा "त्यसपछिको प्रत्येक पाँच वर्ष पूरा भएको" भन्ने शब्दहरू राख्ने।

राष्ट्रिय सभा
विधायन व्यवस्थापन समिति
२०७५

(जयन्ती देवी राई)
सभापति

मितिः २०८०।०९।०१